# मोटेल अमेरिका उपन्यासमा डायस्पोरा चेतना

**खेमराज भट्ट***

**लेखसार**

*प्रस्तुत लेख राजव पुडासैनीद्वारा लेखिएको २०६७ सालमा साझा प्रकाशनबाट प्रकाशित 'मोटेल अमेरिका' उपन्यासमा डायस्पोरा चेतनाको खोजीमा केन्द्रित छ । डायस्पोरा स्वदेश छोडी परदेश गएका व्यक्तिहरूका पीडा सँगालेर लेखिएको लेखन हो । डायस्पोरा लेखनमा स्वदेशको सम्झना, परम्परा, संस्कृति र समुदायको झझल्को तथा परदेशको रोमाञ्च अनुभूति र पीडादायी क्षणहरूको प्रस्तुति गरिएको हुन्छ । प्राथमिक र द्वितीयक स्रोतका सामग्री उपयोग गरिएको यस लेखमा प्राथमिक सामग्रीमा राजवको मोटेल अमेरिका उपन्यास र द्वितीय सामग्रीमा सैद्धान्तिक पुस्तक, अनुसन्धानात्मक लेख, संस्मरण तथा वेभसाइडको प्रयोग गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषणका क्रममा निगमनात्मक विधिको प्रयोग गरी उपन्यासका साक्ष्यहरूका आधारमा पुर्ख्यौली भूमि र इच्छित भूमि, विभाजित मानसिकता, अल्पसङ्ख्यक तथा सीमान्तकृत हुनुको पीडा, परादेशीय हुनुको रोमाञ्च, अस्तित्वबोधका लागि एकसूत्रताको खोजी एवं अतीतमोह जस्ता आधारहरूमा उपन्यासमा डायस्पोरा चेतना खोजी गरिएको छ । प्रस्तुत उपन्यासमा काम र मामका लागि थातथलो छोड्नुपर्ने आम शिक्षित बेरोजगार नेपालीहरूको प्रतिनिधि पात्र ऊ (राम शर्मा कँडेल) को अमेरिका बसाइँ एवं विगतमा काठमाडौँको घरायसी परिवेशको स्मरण केन्द्रित छ । उपन्यासका साक्ष्यहरूलाई विश्लेषण गर्दा उपन्यासमा देखापरेका प्रत्येक पात्रहरूका क्रियाकलाप तथा जीवन भोगाइमा डायस्पोरिक मूल्य र चेतनामा आधारित रहेको निष्कर्ष प्राप्त भएको छ ।*

**शब्दकुञ्जी**

अतीतमोह, अल्पसङ्ख्यक, इच्छित भूमि, एकतासूत्र, डायस्पोरा, सीमान्तीकरण ।

* **शिक्षण सहायक, दार्चुला बहुमुखी क्याम्पस, दार्चुला ।**

[Diaspora Consciousness in *Motel America*

Khemraj Bhatta

**Abstract**

*The presented paper explores the diaspora consciousness in the novel Motel America, written by Rajava Pudasaini and published by Sajha Prakashan in 2067 BS. It is about the painful diasporic situation of the people who are living in foreign land leaving their own country. There are some vivid descriptions about longing and nostalgia for own culture, community and motherland as well as about overwhelming feelings and painful moments of the foreign land. Primary and secondary sources have been used for data collection in the article. The novel "Motel America" has been used as a primary source and theoretical books, previous research articles and different websites have been used as secondary sources in this study. Inductive method has been used to analyze the collected data and the diasporic consciousness has been explored on the basis of the evidences such as ancestor land and desired land, divided mentality, sufferings of being marginalized, overwhelming of being other, searching uniformity for identity, and longing for the past which are found in the novel. The novel is focused on a memory of a representative educated unemployed Nepali youth (Ram Sharma Kadel) who compels to leave own motherland and migrate to America for work and money. There is diasporic values and consciousness in the activities and life experiences of each character of the novel.*

**Keywords**

Nostalgia, Minority, Desired land, Uniformity, Diaspora and marginalized.]

## विषयपरिचय

*मोटेल अमेरिका* उपन्यास डायस्पोरा लेखनमा केन्द्रित उपन्यास हो । नेपाली उपन्यास लेखनको उत्तरआधुनिक प्रवृत्तिभित्रको एउटा हाँगो डायस्पोरा लेखनमा केन्द्रित भई लेखिएको उपन्यास *मोटेल अमेरिका* (२०६७) हो । राजवले नेपालमा भोगेको जीवन र अमेरिका गएपछि देखेको जीवनबाट शिक्षा प्राप्त गर्दै यस उपन्यासको रचना गरेका छन् । आर्थिक मृगतृष्णाको जालोमा जेलिएको नेपाली जनजीवनका ज्वलन्त भोगाइको प्रस्तुतिमा लेखिएको यो उपन्यास हरेक नेपालीको सपनाको सहरभित्रका रहरले सिर्जना गरेको रोमाञ्च, स्वदेश छोड्ने तीव्र इच्छा तथा परदेश गइसकेपछिका पीडादायी क्षणहरूको वर्णनमा केन्द्रित छ । एउटा भूगोल, माटो, जीवनशैली र समाज छोडेपछि मान्छेका मनमा उत्पन्न संवेग तथा अभिघातका कारण अस्थिर जीवन, चञ्चल मन, आर्थिक प्रलोभन र सम्भ्रान्त बन्ने महत्त्वाकाङ्क्षाले पिरोलेको जीवनकथा नै *मोटेल अमेरिका* बनेको छ । राजव नेपाली आख्यान लेखनको समकालीन धाराका स्रष्टा हुन् । उनी वर्तमान समयको

गतिशीलता र सामाजिक परिर्वतनका कारण आधुनिकीकरण र विश्वव्यापीकरणले मान्छेमा देखापरेका पीडा, दुःख, दर्द, बाध्यता एवं धनलोलुपताका कारण सिर्जना भएको परिस्थितिको चित्रण गर्दै नौलो प्रयोगमार्फत डायस्पोरा उपन्यास लेखनमा क्रियाशील देखिन्छन् । राजवले वर्तमान नेपाली युवायुवतीको विदेश जाने रहर, विदेश गएर भोग्नुपरेका समस्या, आफ्नो संस्कृति र परम्परा छोड्दै विदेशी परम्परा र संस्कृतिमा रमाउने प्रवृतिका कारण मानसिक, सामाजिक, भौगोलिक एवं सांस्कृतिक विचलन आई जीवनपद्धति नै खजमजिएको विषयवस्तुमा केन्द्रित भई उपन्यास सिर्जना गरेका छन् । *मोटेल अमेरिका* उपन्यासमा प्रस्तुत डायस्पोरा चेतना केकस्तो छ भन्ने समस्यामा आधारित भई त्यसको व्याख्या-विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ ।

डायस्पोरा परिचय र सिद्धान्तबारेमा गोविन्दराज भट्टराई (२०७२) को *डायस्पोरा सिद्धान्त र समालोचना,* रक्ष राई र मिजास तेम्बे (२०७२) को *डायस्पोरा सिद्धान्त रचना र समालोचना,* खुमबहादुर खड्का (२०७५) को *नेपाली डायस्पोरा साहित्य र समालोचना,* खगेन्द्रप्रसाद लुइटेल (२०७९) को *डायस्पोराको सैद्धान्तिक स्वरूप* पुस्तक तथा फुटकर समालोचनाहरूमा नेत्र एटम, राजेन्द्र सुवेदी, बालाकृष्ण अधिकारी, बाबुराम ओभ्हा, कपिल लामिछाने, यादवप्रकाश लामिछानेलगायत अन्य समालोचकहरूले डायस्पोरिक लेखनको सैद्धान्तिक र समालोचनात्मक विमर्श गरेका छन् । *मोटेल अमेरिका* उपन्यासमै केन्द्रित डायस्पोरासम्बन्धी अध्ययनहरूमा शार्दूल भट्टराई (२०६८) को 'डायस्पोरिक उपन्यास' शीर्षकको छोटो समीक्षा, श्रीधर न्यौपाने (२०६८) को 'मोटेल अमेरिका उपन्यासको विश्लेषण' शीर्षकको लेख, न्यौपाने (२०७८) कै 'सुवेदी र राजवका उपन्यासमा नेपाली डायस्पोराका समस्या' शीर्षकको अनुसन्धानात्मक लेख आदि रहेका छन् । यी अध्ययन हेर्दा *मोटेल अमेरिका* उपन्यासको व्याख्या-विश्लेषण भएको तर डायस्पोरा चेतनाको खोजीमै केन्द्रित हुन नसकेको देखिएको हुँदा त्यसैलाई अनुसन्धान रिक्तता मानेर यो आलेख तयार पारिएको छ । यस लेखमा डायस्पोरा चेतनाका दृष्टिले विश्लेषण गर्दा पुर्ख्यौली भूमि र इच्छित भूमि, विभाजित मानसिकता, अल्पसङ्ख्यक हुनुको पीडा, एकतासूत्रको खोजी, अतीतमोह जस्ता डायस्पोरिक कृतिविश्लेषणका मानदण्डका आधारमा मात्र सीमित गरिएको छ । यो लेख डायस्पोरा चेतनासम्बन्धी जिज्ञासा राख्ने जिज्ञासु पाठक तथा सुदूरपश्चिम विश्वविद्यालयअन्तर्गत स्नातक तहमा अध्ययन-अध्यापन गर्ने प्राध्यापक तथा विद्यार्थीका लागि उपयोगी रहेको छ ।

## अध्ययनको विधि

प्रस्तुत लेख तयार पार्दा पुस्तकालय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । प्राथमिक सामग्रीका रूपमा राजवद्वारा लेखिएको उपन्यास *मोटेल अमेरिका*लाई लिइएको छ । द्वितीय सामग्रीमा डायस्पोरिक सिद्धान्तका पुस्तकहरू, *मोटेल अमेरिका*सम्बन्धी विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख, डायस्पोरासम्बन्धी विभिन्न अनुसन्धानात्मक लेख, राजवको जीवनीसम्बन्धी संस्मरणको प्रयोग गरिएको छ । सङ्कलित सामग्रीलाई विश्लेषण गर्दा डायस्पोराको सैद्धान्तिक स्वरूपलाई आधार मानी उपन्यासका साक्ष्यलाई व्याख्या र विश्लेषण गरिएको हुनाले यसमा निगमनात्मक विश्लेषण विधिको प्रयोग भएको छ ।

## सैद्धान्तिक स्वरूप

डायस्पोरा शब्द ग्रीसेली भाषाबाट आएको हो । डायस्पोरा शब्द 'डिया' र 'स्पोरो' मिलेर बनेको हो । शाब्दिक तहमा 'डिया' को अर्थ कुनै ठाउँबाट बाहिर अनि 'स्पोरो' को अर्थ परिक्षेपण अथवा छरिने, हुत्याउने, पठाउने काम भन्ने हुन्छ (भट्टराई, २०७६, पृ. १८५) । डायस्पोरा शब्द

ईशापूर्व छैटौँ शताब्दीदेखि प्रचलनमा रहेको भए पनि विशेषतः उन्नाइसौँ शताब्दीदेखि अङ्ग्रेजीमा र बीसौँ शताब्दीको मध्यबाट अन्य भाषामा प्रयोग भएको पाइन्छ । यसको प्रारम्भिक अर्थ बसाइँसराइसँग भए पनि पछिल्लो समय साहित्यका क्षेत्रमा पनि सुपरिचित रहेको देखिन्छ । सुरुआतको सन्दर्भ हेर्दा ईशापूर्व ५८६ देखि ५३८ सम्मको चालिस वर्षको अवधिमा प्यालेस्टाइनका यहुदीहरूलाई बेबिलोनियामा गरिएको निर्वासनलाई जनाउन डायस्पोरा प्रयोग गरियो (एटम, २०६७, पृ.३०) । डायस्पोराको अर्थ अङ्ग्रेजी निर्वासनसँग छ । एउटा भूमि छोडेर नौलो भूमिमा गएको, बसाइँसराइ गरेका वा इच्छा वा बाध्यताले निर्वासित जीवन बिताइरहेका व्यक्तिलाई डायस्पोराद्वारा चिनिन्छ भने तिनीहरूका भावना, संवेग र पीडा भरिएको साहित्य नै डायस्पोरिक साहित्य हो । वर्तमान सन्दर्भमा डायस्पोराको अर्थ सङ्कुचित नभई अर्थविस्तार भएको छ । हाल यसले फैलिनु/विकीर्ण हुनु, फिँजिनु, छरिनु वा तितरबितर हुनु, बसाइँसराइ, निर्वासन/प्रवास/आप्रवास भन्ने अर्थ दिन थालेको छ । यस सन्दर्भमा डायस्पोरा भनेको कुनै खास राष्ट्र वा संस्कृतिका मानिसहरू अन्य राष्ट्र वा संस्कृतिमा फैलिएर, फिजिएर, छरिएर, तितरबितर भएर, बसाइँसराइ सरेर, निर्वासित भएर वा प्रवासिएर बस्नु भन्ने हुन्छ (लुइटेल, २०६७) । वर्तमान समयमा विज्ञान र प्रविधिले गर्दा संसार एउटै घरजस्तो भएको छ । संसारका हरेक राष्ट्रको भौगोलिक, सांस्कृतिक, राजनैतिक, आर्थिक अथवा जनसाङ्खिकीय विवरण गुगलले एकै छिनमा बताइदिने भएकाले आम व्यक्तिहरू आफ्नो रहर र बाध्यता पूरा गर्न विभिन्न देशहरूमा छरिन पुगेका छन् । विदेसिएपछि उनीहरूका मनमा आएको स्वदेशप्रतिको माया, विदेशी संस्कृतिमा घुलमिल हुनुपर्ने बाध्यता, अर्थआर्जको सपना एवं चाँडोभन्दा चाँडो संसारका हरेक सेवासुविधा उपभोग गर्ने चाहनाले गर्दा डायस्पोरिक साहित्य सिर्जनामा तीव्रता आएको छ । आफू जन्मेको वा हुर्केको ठाउँ वा आफ्नो मातृभूमिलाई छोडेर अरूको देश गएपछि मातृभूमि, मातृभाषा, संस्कृति, रहनसहन, चाडपर्व, परम्परा, धर्म आदिलाई पूर्ण रूपमा भुल्न नसक्दा र नयाँ आतिथ्य भूमिका भाषा, संस्कृति, रहनसहन, चाडपर्व, परम्परा, धर्म आदिमा पूर्ण रूपमा जोडिन नसक्दाका स्थितिमा डायस्पोराको निर्माण हुन जान्छ (अधिकारी, २०७७) । अधिकारीका अनुसार बेलायती डायस्पोरा उपनिवेशवादी नीतिका कारण जन्मिन गएको हो भने अमेरिकी डायस्पोरा साम्राज्यवादी नीतिका कारण जन्मिन गएको हो । त्यस्तै चिनिया डायस्पोरा प्रारम्भमा रोजगारीको खोजीका लागि र वर्तमान विश्वबजारमा व्यापारिक साम्राज्य फैलाउने नीतिका कारण जन्मिन गएको हो । यसरी विश्वसाहित्यमा डायस्पोरिक लेखन विकसित भएको भए पनि नेपाली डायस्पोरा भने आर्थिक समस्याका कारण धन कामाउन प्रवास गएपछि, उच्च शिक्षा ग्रहण गर्न विदेश गएपछि वा गरिबीका कारण उत्पन्न भएको पाइन्छ ।

सामान्यतया उपन्यास विश्लेषणमा संरचना र रूपविन्यास पक्षलाई हेर्ने गरिन्छ । डायस्पोरिक उपन्यास विश्लेषणका छुट्टै आधारहरू पाइन्छन् । नेत्र एटमको *नेपाली डायस्पोरा र अन्य समालोचना* कृतिलाई आधार मान्दा पुर्ख्यौली भूमि र इच्छित भूमि, विभाजित मानसिकता, अल्पसङ्ख्यक तथा सीमान्तकृत हुनुको पीडा, परादेशीय हुनुको रोमाञ्च र चिन्ता, अस्तित्वबोधका लागि एकसूत्रताको खोजी, अतीतमोह आदि मानदण्डलाई उपन्यास विश्लेषणका लागि प्रयोग गर्ने गरिएको देखिन्छ (एटम, २०६७, पृ. ३२) । यी मापदण्डको सङ्क्षिप्त व्याख्या निम्नानुसार गरिएको छ :

## पुर्ख्यौली भूमि र इच्छित भूमि

डायस्पोरिक चेतना खोजीको एउटा आधार कृतिमा आएका पात्रको जन्मभूमि र कर्मभूमिका क्रियाकलाप हुन् । आफ्नो ठाउँ छोड्नु र फेरि त्ससँग जोडिन नसक्नुलाई बाध्यता भन्दा हुन्छ । कोही

युद्धले, कोही द्वन्द्वले, प्राकृतिक प्रकोपले, कोही धार्मिक, जातीय वा राजनैतिक कारणले, कोही स्वेच्छाले र कोही एडभेन्चरको खोजीले आफ्नो स्थान छोड्दै भाग्दै अन्यत्र जान बाध्य छन् । कोही युद्धबन्दी, कोही शरणार्थी, कोही दास, कोही व्यापारी, कोही विद्यार्थी त कोही कमाइखाने श्रमिकका रूपमा इच्छित भूमि पुग्छन् तर मनमा एकदिन फर्केर आउँला भन्ने आशा हुन्छ (भट्टराई, २०७१, पृ.११८) । यसर्थ डायस्पोरिक पात्रमा इच्छित भूमि र पुर्ख्यौली भूमिको द्वन्द्व भेटिन्छ र त्यस्ता कृतिको विश्लेषण गर्दा यस आधारलाई प्रयोग गर्नु अनिवार्य हुन्छ ।

### विभाजित मानसिकता

डायस्पोरिक चेतना खोजीको अर्को आधार विभाजित मानसिकता हो । स्वदेश छोडेर विदेश गएकाहरू जहिल्यै पनि विभाजित मानसिकतामा बाँचेका हुन्छन् । इतिहास कुनै पनि जातिको गौरव र राष्ट्रको प्रतिष्ठाको विषय हो । त्यस जातिको इतिहासले उनीहरूलाई वर्तमान दिइरहेको हुन्छ र वर्तमानले भविष्यलाई निर्देशन गरिरहेको हुन्छ । डायस्पोरा आफ्नो मातृभूमि त्यागेर पराय भूमिमा स्थापित हुन पुगेको अल्पसङ्ख्यक समुदाय हुनाले ऊ विभाजित मानसिकतामा हुन्छ (राई र तेम्बे, २०७२, पृ.२१) । डायस्पोरिक पात्रहरू आफ्नो मौलिकता पनि त्याग्न नसक्ने तथा पूर्ण रूपमा इच्छित भूमिको संस्कृति पनि वरण गर्न नसक्ने विभाजित मानसिकतामा देखिन्छन् ।

### सीमान्तकृत हुनुको पीडा

खुम्चिएर बस्नु तथा सीमित परिस्थितिलाई आत्मसात् गर्दै जीवन बिताउन डायस्पोरिक पात्रहरू बाध्य हुन्छन् । आफ्नो देश वा जन्मथलोबाट विच्छेद भएर पराय भूमिमा फरक सामाजिक संरचनामा हुँदा त्यहाँ जीवनमा कल्पनासमेत नगरिएको दुःखहरूको पनि सामना गर्नुपर्छ (राई र तेम्बे, २०७२, पृ. २२) । डायस्पोराहरू आफ्नै भाषा, संस्कृति, खानपिन, भूगोल तथा जीवनपद्धतिकै सीमितता रहेका हुन्छन् । त्यसकारण उनीहरू सीमान्तकृत बन्न बाध्य हुन्छन् ।

### परादेशीय हुनुको रोमाञ्च र पीडा

मान्छे सङ्घर्ष, उत्साह र नौलो खोजी गर्ने जाति हो । डायस्पोराहरूले इच्छित भूमिमा जानुभन्दा पहिला रोमाञ्च बोकेको हुन्छ भने त्यहाँ पुगेपछिको जीवनभोगाइले पीडा अनुभूति गराउँदछ । डायस्पोराहरूमा नयाँ ठाउँमा जीवनले केही नवीनता र सुख-समृद्धि फेला पर्ला भन्ने आशा हुन्छ । कति त त्यो पनि पूरा हुन्छ तर त्यो मन सधैं विभाजित हुन्छ, त्यो अनिर्णयमा अनिश्चयमा पनि हुन्छ । डायस्पोराको सम्बन्ध अभिघातसँग हुन्छ (भट्टराई, २०७१, पृ.११८) । परदेश जाँदाको उत्साह पछि भय, चिन्ता, डरत्रास र असुरक्षाले घेरेपछि डायस्पोराहरूमा रोमाञ्च नै पीडामा बदलिन्छ ।

### एकतासूत्रको खोजी

डायस्पोराहरू अल्पसङ्ख्यक नै हुन्छन् भन्ने आभास हुन्छ । परदेशमा रहेकाहरू मौलिकता र एकताको खोजीमा रहेका हुन्छन् । मानिसको मौलिकता भनेको उसको समाज र राष्ट्रले दिएको धर्म, संस्कृति, संस्कार र लोक रीतिथिति हो । त्यो प्रवासमा प्रभावित हुँदै जान्छ र अस्तित्व विलयको सङ्कट पर्दछ र यी जाति दुई फरक भूगोलमा टेकेर आफ्नो अस्तित्व निर्माणमा उभिएका हुन्छन्

(राई र तेम्बे, २०७२, पृ.२४) । त्यसकारण डायस्पोराहरू अस्तित्वरक्षाका लागि एकतासूत्रको खोजीमा केन्द्रित हुन्छन् ।

### अतीतमोह

विगतको सम्झना तथा इतिहासप्रतिको प्रेम नै अतीतमोह हो । डायस्पोरिक पात्रहरू आफ्ना आफन्त, छिमेकी र गाउँबाट तीव्र गतिमा पराय बन्दै जान्छन् भने अर्कातिर राज्यका तर्फबाट पनि ऐन, कानुन, नीतिनियम र विधिविधानगत नै अनागरिक बन्दै जान्छन् (राई र तेम्बे, २०७२, पृ. २३) । यसप्रकारको परिस्थितिले अतीतप्रति मोह बढाउँछ । घरविहीनताको भावले छोप्छ र आफ्नोपना हराएपछि सांस्कृतिक, भौगोलिक र ऐतिहासिक बिछिन्नताले गर्दा मनमा एउटा पूर्वस्मृति छोपिरहन्छ (भट्टराई, २०७१, पृ. ११९) । तसर्थ जीवनभर डायस्पोरिक पात्र अतीतमोहमा नै जीवन बिताउन बाध्य भएका हुन्छन् ।

### नतिजा र विमर्श

कुनै पनि कृतिको डायस्पोरिक विश्लेषण गर्दा सो कृतिको कथानकअनुसार त्यसमा देखापरेका पात्रको जीवनशैली र सांस्कृतिक मूल्यलाई प्रमुख आधार मानिन्छ। *मोटेल अमेरिका* उपन्यासको कथानक नेपालको राजधानी काठमाडौँमा हुर्केबढेको एउटा युवक औपचारिक शिक्षा एमएसम्म पास गरिसकेपछि नेपालमा खरदारस्तरको पनि काम नपाउँदा सबैको सपनाको सहर अमेरिका जाने रहर गर्छ, बुबासँगै पैसाको जोरजाम गर्न आग्रह गर्दै भिसा लगाउँछ। बुबाले ऋण निकालेर खोजेको दश लाख पैसा सिध्याएर ऊ अमेरिका पुग्छ र साथीकोमा आठ महिना बिनाकाम मानसिक पीडा बोकेर बस्दछ। साथीकै सहयोगमा एउटा भारतीय मूलको नवधनाढ्यको मोटेलमा काम पाउँछ। काम गर्न थालेपछि काम र दाममा सन्तुष्ट हुँदै जान्छ तर बुबालाई नेपालमा साहूहरूले ऋणसम्बन्धमा अत्याउँछन्। बुबालाई अलिअलि पैसो पठाउँछ र ऋण तिर्ने सपना बोक्छ तर ऋण तिरी नसक्दै बुबाको क्यान्सरका कारण मृत्यु हुन्छ। ऊ बुबाको काजकिरिया गर्न नेपाल आउन सक्दैन् भने आमाले पैसा हैन कि उसैलाई (राम शर्मा कँडेल) नेपाल आउन आग्रह गर्दा पैसाको लालचमा फसेर आमाको फोन पनि रिसिभ नगर्नेसम्मको मानसिकतामा पुगेको घटनाबाट कथानक टुङ्गिन्छ।

### पुर्ख्यौली भूमि र इच्छित भूमि

डायस्पोरिक साहित्य अध्ययनका लागि पात्रको पुर्ख्यौली भूमि र जीवन निर्वाहका लागि गएको इच्छित भूमि फरक हुनुपर्छ (एटम, २०६७, पृ.३२) । समकालीन साहित्यमा हाइब्रिड संस्कृति, चेतना र सन्दर्भहरूको कुरा नगरी हुदैन । राष्ट्रराष्ट्रले थुनेर राखेकाहरू त्यो सीमाघेरा फोरेर उडेका छन् र एक रहस्यको आश्चर्यको भय र नवीनता मिसिएको सिर्जना बोकेर आइरहेका छन् (भट्टराई, २०७६, पृ.१८६) । यस्तै प्रकारले *मोटेल अमेरिका* उपन्यासमा पनि पुर्ख्यौली भूमि नेपालको राजधानी काठमाडौँ र जीवन निर्वाहका लागि खोजीएको इच्छित भूमि अमेरिका पुगेको ऊ (राम शर्मा कँडेल) पात्रको कथा छ। ऊ पात्र नेपालमा एमए पास गरेर कामकै खोजीमा अमेरिका पुगेको छ। उपन्यासको अर्को पात्र मिनार पनि नेपालकै नागरिक हो तर ऊ अमेरिकामा काम गर्छ। उसको इच्छित भूमि पनि अमेरिकामा परेको छ। त्यस्तै उपन्यासमा देखा परेकी शारदा दिदी, श्रीमान प्रोफेसर भएकाले नेपालमा राम्रै व्यवस्था छोडी रहरले अमेरिका पुगेको तथ्य उपन्यासमा भेटिन्छ।

पुर्ख्यौली भूमि र इच्छित भूमिको द्वन्द्वको प्रत्यक्ष सिकार ऊ (राम शर्मा कँडेल) भएको छ । अमेरिका छिरेको आठआठ महिनासम्म बिनाकाम साथीकोमा बस्न परेको, पार्कमा भेटिएकी शारदासँगै बोल्न नपरोस् भन्ने आशयका साथै पार्कबाट देखिएको ह्यान्कुक टावर देख्दा स्वयम्भू सम्झेको प्रसङ्गबाट डायस्पोरिक चेत झन् प्रमाणित हुन्छ ।

साक्ष्य क– "ऊ प्रायः मान्छेको दृष्टि नपुग्ने पार्कको उत्तर कुनाको बेन्चमा बस्नपुगेको थियो । त्यहाँ बसेर ऊ परको गगनोन्मुखी ह्यान्कुक टावरतिर अस्ताउन लागेको सूर्य हेर्दै थियो । काठमाडौँमा हुँदा पनि ऊ आफ्नो घरको छानाबाट स्वयम्भूतिर अस्ताउन लाल बनिरहेको सूर्यतिर टोलाइ रहन्थ्यो" (पृ.१७) ।

माथिको साक्ष्यले कामको खोजीमा अमेरिका पुगेको राम शर्मा लिङ्कन पार्कमा एक रहस्य, आश्चर्य र भयमा रुमल्लिएको स्थिति झल्किएको छ भने इच्छित भूमि अमेरिकाको लिङ्कन पार्कको उत्तरतर्फको बेन्चमा बस्दा देखेको ह्यान्कुक टावर र सूर्यको प्रकाशद्वारा ऊ नेपालको काठमाडौँ, त्यसमा पनि आफ्नै घरको छानाबाट स्वयम्भूतिर डुब्न लागेको लाल सूर्य देखेको सम्झन्छ र एक्लै सोच्न बाध्य बनेको छ । यस साक्ष्यबाट पुर्ख्यौली भूमिका पीडा भुल्न इच्छित भूमि पुगेको पात्र पुर्ख्यौली भूमिकै कल्पना गर्दै जीवन बिताउनुबाट पुर्ख्यौली भूमि र इच्छित भूमिको द्वन्द्व प्रस्ट भएको छ ।

साक्ष्य ख– साला मन्दी साँझसाँझ पनि पार्कमा हिँड्दै, थुक्दै ऊ यस्तो बर्बराउँथ्यो । त्यस्तो बेला ऊ अमेरिकालाई, ओबामालाई, बुसलाई, नेपालका नयाँ पुराना राजारजौटा र गद्दार नेताहरूलाई त्यसरी बरबराउँदै सराप्थ्यो । सालाहरू भन्थ्यो र थाकेपछि बेन्चमा घन्टौं तर्कना गर्दै बसिरहन्थ्यो । यहाँ पनि दिनहरू यसरी क्रुर होलान् भन्ने के थाहा ? (पृ ४९) ।

माथिको साक्ष्यबाट के प्रस्टिन्छ भने पुर्ख्यौली भूमि काठमाडौँ छोडेर प्लेन चढ्दा उसले इच्छाएको भूमि अमेरिकामा त पैसा डोकोमा नै टिप्न सकिन्छ भन्ने सपना थियो तर त्यो सब सपना सपनामै सीमित भएको छ । विपनामा त अमेरिकाका राष्ट्रपति र नेपालका राजारजौटा तथा नयाँ पुस्ताका नेता भनाउँदाहरूले विकास, उत्पादन र रोजगारीका विषयमा कुनै नौलो फड्को मारेका छैनन् । नेपाल जस्तै अमेरिकामा पनि काम पाइएको छैन । जीविकोपार्जनका लागि रोजिएको इच्छित भूमि अमेरिकामा पनि प्रचार गरेजस्तो व्यवस्थापन छैन भन्ने सन्देश दिएको छ ।

साक्ष्य ग– फोनमा उसलाई काकाले नेपाल आइजा भनेका थिए । काकाले भनेको यो कुरो पनि उसले मिनारलाई सुनाएको थियो । तर मिनारले उसलाई भनेको थियो तँ अमेरिकाबाट नेपाल फर्केलास् भनेर तेरो बाउले तँलाई आफ्नू रोगबारे केही भनेनन् । आफ्नू क्यान्सरभन्दा तँ फर्केलास् भन्ने चिन्ता रहेछ तेरा बाउलाई । त्यसकारण तँसँग आफ्ना घातक रोग लुकाएर मरे, अब झन बुढा मरि नै सकेपछि के जान्छस् ? सिर्फ सेतो लुगा लगाउन जाने हो भने त्यो लुगा त तँ यैँ किनेर लगाउन सक्छस् (पृ.७८) ।

माथिको साक्ष्यमा ऊ पात्रको बुबाको मृत्यु भएको प्रसङ्ग छ । ऊ पात्र अमेरिकामा भरखर काममा लागेको छ । राम शर्मा न त बुबाको हिन्दू परम्पराअनुसार मृत्युसंस्कार गर्न पाउँछ न अमेरिकामा चयनले पैसा कमाउन नै पाउँछ । उसको द्वैतमानसिकता मिनारसँग गरेका कुराकानीबाट ज्ञात हुन्छ । नयाँ भूगोल, नयाँ संस्कृति र नयाँ परिस्थितिका कारण ऊ अत्यन्तै पीडित भएको छ । पुर्खाले गरिआएको संस्कार एउटा भएको र आफू नयाँ संस्कारमा जीवन बिताइरहेकाले पुर्ख्यौली भूमि र इच्छित भूमिको द्वन्द्व सन्दर्भ स्पष्ट भएको छ ।

उपन्यासमा देखापरेको मिनारका वाणीबाट पनि इच्छित भूमिमा बाध्यता, आवश्यकता र सपनाले गर्दा मान्छे पुर्ख्यौली भूमिबाट विस्तारै इच्छित भूमिका संस्कार र पुँजीमा लिप्त भएको देखाउँछ । सांस्कृतिक रूपमा गोविन्दराज भट्टराईले भने जस्तै हाइब्रिड संस्कृति उपन्यासमा

देखापरेको छ । प्रत्येक डायस्पोरिक पात्र (ऊ, मिनार, निवाश आचार्य, शारदा पौडेल आचार्य) इच्छित भूमि अमेरिकामा क्षणक्षणमा पीडित भएको प्रसङ्ग उपन्यासमा देखाइएको छ ।

## विभाजित मानसिकता

पुर्ख्यौली भूमि छाडी इच्छित भूमिमा बस्ने मानिसहरू विभाजित मानसिकता लिएर बाँचेका हुन्छन् । भौतिक वा बाह्य रूपबाट जति ज्ञान देखिए पनि र पुर्ख्यौली भूमिमा जति प्रशंसित भए पनि उनीहरू भित्रभित्रै असन्तुष्ट रहन्छन् (लामिछाने, २०७१) । डायस्पोरामा बाँच्ने मान्छेको यथार्थ भूमिमा मात्रै नभई मानसिकतामा पनि विभाजित हुन्छ । पुर्ख्यौली भूमि छाडेकामा बेलाबेला मातृद्रोहको गल्तीबोध पनि हुन्छ र अर्कातिर स्थापित हुन चाहेको भूमिमै सङ्घर्ष गर्न सकेकामा आत्मसन्तुष्टि मिल्छ (एटम, २०६७, पृ. ३३) । यस्तै विभाजित मानसिकतामा बाँचेको एउटा प्रमुख पात्र ऊ राम हो भने अन्य उपन्यासमा देखापरेका मिनार, शारदा, श्रीनिवास पात्र पनि विभाजित मानसिकतामा नै बाँचेका देखिन्छन् ।

साक्ष्य क– अमेरिकी अर्थव्यवस्था राष्ट्रपति रुजवेल्डको समयको मन्दीभन्दा अझ बढी चर्कन थालेको सुनेपछि उसलाई लाग्दै थियो यस्तोमा मलाई दुर्भाग्यले अमेरिका उडायो ।" (पृ. १२)

माथिको साक्ष्यमा *मोटेल अमेरिका* उपन्यासको प्रमुख पात्र ऊ (राम शर्मा कँडेल) नेपालबाट कैयन् सपना बोकेर अमेरिका पुगेपछि उता भनेको समयमा काम नपाउँदा र नेपालमा निकालेको ऋणमा दिनानुदिन ब्याज थप हुँदै जाने जस्ता घटनाले भाग्य बनाउन अमेरिका जाने सपना दुर्भाग्यमा परिणत भएको आशङ्का गरेकोबाट ऊ विभाजित मानसिकतामा भएको प्रस्ट हुन्छ । नेपाली अर्थव्यवस्थाले जीवन धान्न कठिन भएको महसुस गरी अमेरिका पुगेका आम नेपालीहरूले भने जस्तो काम र दाम कमाउन नपाउनु नै उनीहरूको भाग्य र दुर्भाग्यको विभाजित मनोदशा हो ।

साक्ष्य ख– केही बेरपछि त्यस रूपको सूर्य आफ्नो गन्तव्यमा लोप भएको थियो । त्यसकारण वातावरणको उज्यालो धमिलो हुन थालेको थियो । ऊभित्र अमेरिका टिक्न नसकुँला र बेकारी झैँ जीर्ण अवस्थामा पुन उस्तै पत्रु बेकारी हुन नेपाल फर्कनुपर्ला भन्ने त्रासको उफान उठिरहेको थियो । (पृ.१७)

माथिको साक्ष्यबाट पनि के देखिन्छ भने ऊ पात्र मानसिक रूपमा बलियो छैन । ऊ द्वैध मनस्थितिमा छ । उसले अमेरिका छिरेपछि महिनौँसम्म काम नपाउँदा अमेरिकामा टिक्न सकिँदैन नेपाल नै फर्कनु पो पर्ने हो कि नेपाल फर्केर पनि आफू उही पुरानै स्थितिमा हल्लिएर काठमाडौँमा बेरोजगारीपूर्ण जीवन जिउनुपर्ने हो कि भन्ने चिन्तायुक्त मानसिकता प्रकट भएको छ ।

साक्ष्य ग– फोन बज्न बन्द भएपछि ऊ आँखा चिम्लिन थालेको थियो तर धेरैबेर उसले आँखा चिम्लिन पाएन किनभने एकैछिनमा फेरि फोन दोस्रो पटक बज्न सुरु भएको थियो । तर यो पटक पनि ऊ फोन उचाल्न उठेन । त्यस बेला उसलाई फोन घातक लागिरहेको थियो मन विचलित भइरहेको बेलामा झन् विचलित पार्ने । (पृ. ४८)

साक्ष्य घ– फोन गर्दै त्यसरी रोएर हैरान पार्न थालेछि उसले आमाको फोन उचाल्न छोडेको थियो । वास्तवमा आमाको फोन थाहा पाएपछि ऊ मज्जाले फोनको रिङटोन मात्र सुनिरहन्थ्यो, रिसिभर उचाल्दैनथ्यो । (पृ. १०७)

माथिका साक्ष्यको घटनाप्रसङ्ग हेर्दा ऊ पात्र मानसिक रूपमा विभाजित छ भन्ने प्रमाणित हुन्छ । साक्ष्य ग को प्रसङ्गमा अमेरिका गएपछि समयमा काम नपाउनु, बुबाले यता नेपालबाट ऋण निकालेका साहूहरूले सताउने गरेको कुरा सुनाउनु, पैसा पठाउन आग्रह गर्नु जस्ता घटनाले ऊ फोन रिसिभ गर्नु घातक हुने अनुमान गर्दै बुबासँग पनि कुरो नगर्ने मनस्थितिमा पुग्छ । उसलाई

घरको माया, आमाबुबाको सम्झना केही पनि छैन वा अमेरिका पुगेकोमा रमाइलो पनि छैन, विभाजित मानसिकतामा छ भने साक्ष्य घ को प्रसङ्गमा बुबाको मृत्यु हुनु, अमेरिकामा काम पाइनु, आमाले बुबाको मृत्युपछाडि पैसा पठाउने मात्र नभएर उसलाई नै नेपाल फर्कन आग्रह गर्नु, उसले अमेरिकाको पैसा छोड्न नसक्नु बरु आमासँगै संवाद गर्न छोड्नु जस्ता घटनाले मानसिक रूपमा विभाजित भएको प्रमाणित हुन्छ। यस्ता घटना र प्रसङ्गले डायस्पोराहरू जहिले पनि विभाजित मानसिकतामा बाँचेका हुन्छन् भन्ने देखिन्छ। यस्तै उपन्यासमा देखापरेका अन्य डायस्पोरिक पात्र शारदा, श्रीनिवास, मिनार पनि अमेरिकी संस्कृति, भूगोल छोड्न पनि नसक्ने र नेपालको पुर्ख्यौली संस्कृति, भूगोलको आनन्द पनि पूर्ण रूपमा लिन नसक्ने विभाजित मानसिकतामा रुमल्लिएका देखिन्छन्।

## अल्पसङ्ख्यक तथा सीमान्तकृत हुनुको पीडा

डायस्पोरा सरेर गएको समुदाय भएकाले इच्छित भूमिको नागरिक नै भए पनि ती अल्पसङ्ख्यक रहन्छन् र त्यो देशको कानुनमा समान अधिकार घोषणा गरिए पनि सामाजिक स्वीकृति र मिलापको वातावरण सोचेजस्तो हुदैन् (एटम, २०६७, पृ. ३३)। आफ्नो जातिको प्रभुत्व नहुनु र इच्छित भूमिमा मूल जातिहरूबाट हेपिनुपर्ने भएका कारण उनीहरू अल्पसङ्ख्यक तथा सीमान्तकृत हुनुको पीडाले सताइएका हुन्छन् (लामिछाने, २०७१)। *मोटेल अमेरिका* उपन्यास राम शर्मा कँडेल अमेरिका गएपछिको जीवनभोगाइको चित्रणमा केन्द्रित छ। नेपालबाट अमेरिका पुगेका आफ्नो पुर्ख्यौली भाषा, संस्कृति, धर्म, रहनसहन सबै त्यागेर नयाँ परिस्थितिमा जीवन बिताइरहेका थोरै पात्रहरूको पीडायुक्त कथानक नै उपन्यासमा आएको छ।

साक्ष्य क– पहिलो पटक तपाईंलाई यो बेन्चमा बसिरहेको देख्नेबित्तिक्कै तपाईं नेपाली हुनुपर्छ भन्ने लागिरहेको थियो। त्यसपछिका कयौँ साझ म तपाईंलाई हेर्दै पर पुग्थेँ, फेरि फर्कन्थेँ र त्यसै गरी तपाईंलाई हेर्दै फेरि पर पुग्थेँ, तपाईंसँग बोलूँबोलूँ लागिरहन्थ्यो। आज त तपाईंसँग बोल्छु नै भनेर तपाईं बसेको बेन्चमा बस्न आएकी हुँ। (पृ. ७)

साक्ष्य क को सन्दर्भ हेर्दा यहाँ उपन्यासमा देखाएकी पात्र शारदा दिदीले बोलेको प्रसङ्ग छ। नेपाल छोडेर अमेरिका गएपछि त्यहाँ एक्लो महसुस गरेको, नेपाली कोही भेट्यो भने बोलूँबोलूँ लाग्ने मानसिकता हुनु नै अल्पसङ्ख्यक हुनुको पीडा हो। *मोटेल अमेरिका* उपन्यासमा देखापरेका डायस्पोरिक पात्र ऊ, शारदा, श्रीनिवास, मिनार आफैँमा सीमान्तकृत पात्र हुन्। यिनीहरूको आफ्नो जाति, भाषा, संस्कृति एवं भूगोलसँग जोडिएका पात्रहरू कोही छैनन्। त्यसकारण प्रत्येक पात्र आफैँमा पीडित देखिन्छन्। उद्धृत गरिएको साक्ष्यबाट पनि डायस्पोराहरू कसरी सीमान्तकृतको पीडामा रुमल्लिएका हुन्छन् भन्ने प्रमाणित हुन्छ।

## परादेशीय हुनुको रोमाञ्च र पीडा

देश छोडेर परदेश जानुमा आफ्नै खालको रोमाञ्च हुन्छ। व्यक्ति जन्मथलो छोडेर कर्मको खोजीमा वा अन्य कुनै नयाँ कार्यको थालनीका निम्ति नौलो भूमिमा जाँदा रोमाञ्च अनुभूत गर्छ तर त्यस क्रममा उसलाई चिन्ताले पनि छोप्दछ (एटम, २०६७, पृ. ३४)। मोटेल अमेरिकाका सबै पात्र रोमाञ्च र पीडा बोकेर बाँचेका देखिन्छन्। उपन्यासमा देखापरेका मिनार, ऊ, शारदा, श्रीनिवास सबै परदेशी पात्र हुन्। उनीहरूका आफ्नै खालका पीडा र खुसीहरू छन्। केही साक्ष्यमार्फत यस सन्दर्भलाई अझै प्रस्ट पार्न सकिन्छ।

साक्ष्य क : नेपालदेखि नै गैरकानुनी बस्ने र कमाइ गर्ने स्वप्निल आसमा ऊ अमेरिका आएको थियो तर यहाँ आएको महिनौँसम्म पनि ऊ बेकारीको भयानक तनावले थिचिएको थियो। कमसेकम चुत्थै भए पनि अमेरिका छिरेपछि काम पाइएला भन्ने उसको सोच थियो। उसले सल्लाह पनि त्यसै पाएको थियो तर यहाँ आएपछि उसले सोचेभन्दा धेरै फरक पायो। (पृ.३)

उपर्युक्त साक्ष्यमा के देखिन्छ भने हरेक नेपालीले एउटा सपना र कल्पनाको रोमाञ्च बोकेर अमेरिका छिर्ने तर अमेरिका छिरेपछि सोचे जस्तो स्थिति नपाउँदा मानसिक पीडाले ग्रसित हुने गरेको देखिन्छ। यसमा पनि ऊ पात्र काठमाडौँबाट अमेरिका उड्दा अमेरिका पुगेपछि त पैसाका बिटा टिप्न पाइन्छ, तुरुन्तै काम पाइन्छ र टन्नै कमाइ गरेर नेपालमा घरघडेरी तथा व्यवसाय चलाउने सपना देख्छ। ऊ अमेरिका पुगेपछि आठआठ महिना बेरोजगार भएर बस्नुपर्दा मानसिक रूपमा विक्षिप्त हुन्छ। अमेरिकामा आफूलाई आश्रय दिएको साथी मिनारको कुकुर भएर बस्नुपरेको अनुभूति प्रकट गर्दछ। यसबाट के प्रस्ट हुन्छ भने अमेरिका छिर्नुमा देखिएको कल्पित रोमाञ्च पीडामा बदलिएको छ। स्वदेशको जस्तो आत्मीयता र सहज जीवन परदेशमा हुँदैन, डायस्पोराहरू परदेशमा रोमाञ्चका साथै पीडापूर्ण जीवन बिताउन बाध्य हुन्छन् भन्ने तथ्य उपन्यासका घटनाले देखाउँछ।

साक्ष्य ख : बिहान फोनमा बाउसँग उसको कुरा भएको थियो। त्यसपछि उसको मन खिन्न हुन थालेको थियो। बाउले उसलाई अमेरिका पठाउन ऋणको ताकेतामाथि ताकेता आउन थालेको कुरो सुनाएको थियो, उसले बाउलाई छिट्टै डलर पठाउँछु भनेको थियो। अघिल्लो फोनमा पनि बाउले उसलाई ऋणबारे सङ्केत गरेको थियो। त्यस बिहानको फोनमा त बाउले उसलाई निकै जोड गर्दै भनेको थियो। ताकेतामाथि ताकेता आइरहेछ आधा चौथाई भए पनि पठाइदे बाबू.... र ऊ बाउलाई हुन्छ भन्न बाध्य भएको थियो। (पृ. ४०)

माथिको साक्ष्यमा राम शर्मा कँडेल नेपालबाट अमेरिका गएपछि उसको बाउले पैसा पठाउन आग्रह गर्दा बाउमा देखिएको रोमाञ्च र ऊ अमेरिका उड्नुभन्दा पहिलेको रोमाञ्चको प्रदर्शनी भएको छ। ऊ एउटा ठुलो सपना बोकेर अमेरिका गएको थियो तर काम नपाउँदा उसका आफ्नै पीडा देखिन्छन्। परदेसिएर काम नपाउँदा पीडामय जीवन जिउनु र घरमा ढाँटेर बाउलाई आश्वासन दिनु पनि एउटा आघात नै हो। त्यस्तै ऋण निकालेर सपना बोकी विदेश गएर भनेजस्तो र समयमा काम नपाउँदा एकातिर ऋणको चिन्ता र अर्कातिर काम नपाएको चिन्ताले डायस्पोराहरूलाई हरक्षण सताएको देखिन्छ।

### अस्तित्वबोधका लागि एकतासूत्रको खोजी

स्वदेश छोडेर परदेश पुग्दा प्रत्येक व्यक्तिमा अपनत्व र नजिकको व्यक्तिको खोजी गर्नुपर्ने स्वभाव देखिन्छ। पुर्खौली भूमि छोडी इच्छित भूमिमा पुग्दा आफू बलियो देखिन पनि एकताको खोजी गरिन्छ। विविध सांस्कृतिक पृष्ठभूमि र भाषाभाषीबाट भए पनि तिनले बिरानो भूमिमा बलियो देखिनका लागि एकताको सूत्र खोजेका हुन्छन् (एटम, २०६७, पृ. ३४)। *मोटेल अमेरिका*मा पनि ऊ (राम शर्मा कँडेल), मिनार, शारदा, श्रीनिवास डायस्पोरिक चरित्र हुन्। उनीहरूले अमेरिकामा नेपाली जोसुकै भए पनि एक हुने वा सल्लाह गर्ने विचार गरेको देखिन्छ। नेपालीहरूले विश्वका अरू देशभन्दा भारतकै नागरिक अमेरिकामा भए पनि तिनलाई आफ्नो ठान्ने सन्दर्भ उपन्यासमा देखिएको छ। उपन्यासमा ऊ पात्रले अस्तित्वबोधका लागि एकतासूत्रको खोजी गरेको प्रसङ्ग निम्न साक्ष्यबाट प्रस्ट हुन्छ :

साक्ष्य क– त्यसदिन पार्कमा बस्दा उसलाई अघिल्लो साँझ शारदा दिदीले भनेको कुरो सम्झना भैरहेको थियो । त्यस बेला शारदाले उसलाई भनेकी थिइन्, मैले पनि चिनेको केहीलाई तपाइँको कामबारे भनेको छु । भोलि फेरि म तिनलाई के भयो भनेर सोध्छु । (पृ. ४५)

यस साक्ष्यअनुसार जीवनको सपना बोकेर अमेरिका पुगेको ऊ पात्र छ आठ महिनासम्म काम नपाउँदा र मिनारसँग बस्दाबस्दा दिग्दार भएर अमेरिकाको लिङ्कन पार्कमा समय बिताउन जान्छ । लिङ्कन पार्कमा नै उसको भेट शारदा पौडेल आचार्यसँग हुन्छ । बाग्लुङ माइती र पोखरा घर भएकी शारदाले पनि ऊ पात्रले काम नपाएकामा अमेरिकी अर्थतन्त्रमा आएको मन्दी तथा डायस्पोराहरूको सुरुवाती समस्याको रूपमा बोध गर्दै आफूले पनि चिनेजतिकालाई ऊ पात्रका लागि काम खोजिदिन आग्रह गरेको प्रसङ्गबाट डायस्पोराहरू जहाँ भए पनि अस्तित्वरक्षाका लागि एकतासूत्र भएर जाने गर्छन् भन्ने सन्देश दिएको छ । उपन्यासको सुरुवातमै पनि ऊ पात्रलाई लिन मिनार पौडेल आएको, मिनारले आठआठ महिना आफ्नै कोठा र आफैँले काम गर्ने रेस्टुरेन्टबाट खाना ल्याएर खुवाएको घटना तथा उसले नै फेरि ऊ पात्रलाई इन्डियन मूलको हरिन्दरको मोटेल अमेरिकामा काम खोजिदिएका घटना पनि अस्तित्वबोधका लागि एकतासूत्रको खोजीसँग जोडिएका छन् । ऊ पात्रले काम पाउँदा उसको मनमा उब्जिएको भावबाट पनि डायस्पोराहरूमा अस्तित्वबोधका लागि एकता नै प्रमुख हुने सन्दर्भ यसरी आएको छ । यसरी डायस्पोराहरूमा अस्तित्व जोगाउन एकतामा नै बल हुन्छ भन्ने भाव बलियो रूपमा प्रकट भएको हुन्छ । आफ्ना खुसी एवं पीडा बाड्नका लागि नजिकका मान्छे नै अन्तिम विकल्प हुन् जुन क्रियाकलापबाट नै अस्तित्व सङ्कटबाट जोगिन सकिन्छ । समग्र उपन्यासको कथानक नियाल्दा उपन्यासभरि देखापरेका प्रत्येक डायस्पोरिक पात्र अस्तित्व रक्षार्थ एकअर्कासँग एकताको खोजीमा रहेको देखिन्छ जसमा मिनार र ऊ पात्र, शारदा र ऊ पात्र, प्रोफेसर र ऊ पात्र वा भारतीय मूलका नागरिक र नेपालीहरूबिचको सम्बन्ध नै अस्तित्व रक्षार्थ एकतासूत्रको कडीका रूपमा आएका छन् ।

**अतीतमोह**

घर छोडी परदेश जानेहरूमा परदेश जाने रहर र परदेशको रोमाञ्च अनुभूत हुन्छ भने भोलि परदेशबाट घरदेश फर्किएपछि सुखसयलको जीवन बिताउने भविष्यप्रतिको मोह हुन्छ । डायस्पोराको जीवनका लागि वर्तमान दुःखदायी, भविष्य कहालीलाग्दो र अतीत स्वप्निल हुनाले आनन्दमय हुन्छ (एटम, २०६७, पृ. ३५) । उनीहरू निर्वासनको पीडाले दुःखित हुन्छन् । त्यसबेला उनीहरूको मुक्तिको सास फेर्ने र त्यस भूमिमा अडिने टेको नै अतीत स्मरण रहेको हुन्छ । मोटेल अमेरिका उपन्यासमा पनि ऊ पात्र, मिनार, शारदा आदिले बोलेका वचनबाट उनीहरू अतीतमोहमा रमाएको पाइन्छ ।

साक्ष्य क–मेरा लागि दुबैको कुनै अर्थ छैन, तपाईं मलाई शारदा दिदी भन्न सक्नुहुन्छ नभए शारदाजी मात्र पनि भन्न सक्नुहुन्छ तर नेपालीको नाता जोड्ने बानी भएको हुनाले तपाईं मलाई शारदा दिदी भन्न सक्नुहुन्छ । (पृ. ३१)

प्रस्तुत साक्ष्यबाट डायस्पोराहरू आफ्नो भाषा, संस्कृति, परम्परा तथा पुर्ख्यौली संस्कारलाई कसरी स्मरण गर्दछन् र त्यसको उपयोग वा प्रयोगबाट सन्तुष्टि लिन्छन् भन्ने उदाहरण उपन्यासमा ऊ पात्रले भेटेकी शारदा पौडेल आचार्यको अभिव्यक्तिबाट प्रस्ट हुन्छ । अमेरिका गए पनि आफ्नो नेपाली समाज र संस्कारअनुसारको नाता वा साइनो लगाउने सन्दर्भ जोडेर हिन्दू परम्परामा दिदीभाइको साइनो स्मरण गराउन खोजेको छ जसले गर्दा हिन्दूइतरको धार्मिक समुदायमा जीवन जिउँदा पनि अतीतमोह नै अग्रस्थानमा आएको छ ।

साक्ष्य ख– हाम्रो प्रोफेसर भन्छन्, क्रिस्चियन मरे ढुङ्गामुनि माटोभित्र बस्छ, हिन्दू मरे खरानी बनेर आकाशमा उड्छ । अनि के राम्रो त ? गाडिनुभन्दा उड्नु नै राम्रो हैन ? उडे विस्तार पाइन्छ, गाडिए खाल्डाको मात्र । (पृ. ३३)

उपर्युक्त साक्ष्यबाट पनि डायस्पोराहरूमा सांस्कृतिक पीडा हुन्छ । उनीहरू संस्कृतिभञ्जनको अवस्थामा जीवन बिताइरहेका हुन्छन् भने आत्मसन्तुष्टि वा जीवनको सुख आफ्नो पुरानो चलन वा जन्मभूमिका याद र संस्कारबाट नै लिइराखेका हुन्छन् । यहाँ पनि प्रोफेसरले भनेको क्रिस्चियन र हिन्दू धर्मका चलनमा क्रिस्चियन धर्मको दबदबा रहेको अमेरिका बसे पनि हिन्दू संस्कार नै बेस छ भन्ने प्रस्ट देखिनुबाट अतीतमोहले पिरोलिराखेको पाइन्छ ।

उपन्यासमा अन्य सन्दर्भमा पनि अतीतमोह देखापरेको छ । मिनार, शारदा, श्रीनिवास आचार्य, हर्कबहादुर गर्बुजा जस्ता पात्रको विगतले नै आनन्द दिएको पाइन्छ । उनीहरूलाई नेपाली भूमि, संस्कृति, नातासम्बन्ध, परम्परा र खानपिनले नै आनन्दित तुल्याइरहेको छ । अमेरिकामा गरिएका दुःखले भविष्यको कल्पना मात्रै हुने वास्तविक जीवनमा त अतीतको स्मरण नै गतिशीलता दिने प्रसङ्ग प्रस्ट आएका छन् ।

## निष्कर्ष

*मोटेल अमेरिका* (२०६७) उपन्यास नेपालको गरिबी तथा देशभित्र काम गर्ने जागर नचल्नु जस्ता नेपाली युवा पुस्ताका मनोगत स्वभावका कारण ब्याजमा दश लाख ऋण बुबासँग खोज्न लगाई सबै नेपालीहरूको सपनाको सहर अमेरिका उडेको प्रतिनिधि पात्र ऊ (राम शर्मा कँडेल) को जीवनसँग सम्बन्धित घटनाको वर्णन हो । डायस्पोरिक पात्रका जीवनको रोमाञ्च, पीडा र समस्यालाई मुख्य आधार बनाई उपन्यास सिर्जना भएको छ । उपन्यासमा सुरुदेखि अन्तसम्म देखापरेको ऊ पात्र सपना बोकी टन्न पैसा कमाउने आशामा अमेरिका उडेपछि आठआठ महिना बेरोजगार भई साथी मिनारकोमा बसेको, मिनारले नै ल्याएदिएको रहलपहल खाना खाएर दिन कटाएको घटनाबाट ऊ पात्र काठमाडौँमा जन्मेहुर्केको एमए पास गरेको एउटा खरदार बुबाको छोरो स्वदेशमा सानोतिनो कामधन्दा नगरीकन छोटो समयमा धेरै धन कमाउने अभिलाषा बोकी विदेश जानु र विदेश गएपछि काम नपाउँदा काठमाडौँलाई सम्भनुबाट डायस्पोराहरूमा पुर्ख्यौली भूमि र इच्छित भूमिको विभेदको चेतना देखापरेको छ । अमेरिकामा बेरोजगार बस्दाको मानसिक पीडा तथा अमेरिकी अर्थतन्त्रमा आएको गिरावट, भाग्य बनाउन अमेरिका आएको मान्छे दुर्भाग्यले पो आइएछ भन्ने विचार ऊ पात्रमा देखिनु र विदेश उड्दा नेपालमा निकालेको ऋण तिर्न साहूहरूले उसका बुबालाई ताकेता गर्दा बुबाले फोन गर्नु, आफू बेरोजगार भएकाले घरमा पैसा पठाउन नसक्नु तथा बुबाको फोन नै नउठाउनुबाट डायस्पोरिक पात्रहरूको विभाजित मानसिकताको चेतना देखापर्दछ । अमेरिकामा भेटिएकी शारदा दिदीको सद्भावले अल्पसङ्ख्यक हुनुको पीडालाई उजागर गरेको छ भने हरिन्दरको मोटेलमा काम गर्दा राम्रै सेवा दिँदा पनि हरिन्दरले तलब नबढाउनु र बढाउन आग्रह गर्न नसक्नुबाट सीमान्तकृत हुनुको पीडा देखिएको छ । नेपालबाट विदेश जान लालयित हुने एक खालको रोमाञ्च ऊ पात्रमा पनि देखिएको छ भने अमेरिका उड्दासम्मको रोमाञ्च, अमेरिका पुगेपछि समयमा काम नपाइनु तथा सोचेजस्तो कमाई नहुनुले पीडामा बदलिएको छ । साथीको कोठामा लुकेर बस्नु र उसले नै ल्याएको खाना खाएर दिन बिताउनुबाट परदेशको रोमाञ्च र पीडालाई चिनाएको छ । मिनारले कोठामा बस्न र खाना खान दिनु, शारदाले आफूले चिनेजानेका र प्रोफेसरलाई ऊ पात्रका लागि काम खोज्न आग्रह गर्नु तथा इन्डियन मूलको हरिन्दरले आफ्नो मोटेलमा काम दिलाउनुबाट अस्तित्वबोधका लागि डायस्पोराहरू एकताको खोजीमा रहेका हुन्छन्

भन्ने भाव प्रस्ट आएको छ । ऊ पात्रले विगतमा बुबाले भनेको मानेर खरदारसरहकै जागिर गरेको भए वा पसल नै थापेको भए पनि जीवन चलाउन सजिलो हुने र आमाबुबासँगै बस्न पाइने कुरा सम्झँदा अतीतमोहको प्रसङ्ग टड्कारो रूपमा आएको छ । पुर्ख्यौली भूमि छोड्दा इच्छित भूमिमा सङ्घर्ष, आशा र दुःखको सम्मिश्रणमा जीवन बिताउनु, विभाजित मानसिकतामा तड्पिनु, अल्पसङ्ख्यक हुनाले एकताको खोजीमा भौँतारिनु, परदेशको रोमाञ्च एकातिर देखिनु तथा वर्तमानका पीडा भुल्न अतीतमोहले आनन्दित हुन खोज्नु जस्ता घटनाले *मोटेल अमेरिका* उपन्यासमा डायस्पोरिक चेतना अभिव्यञ्जित भएको प्रस्ट हुन्छ ।

उपन्यासमा देखिएका ऊ पात्र, मिनार, शारदा पौडेल आचार्य, श्रीनिवास आचार्य, हर्कबहादुर गर्बुजा आदिका जीवनभोगाइका घटनालाई हेर्दा उनीहरू अमेरिका गएपछि नेपाली माटो र संस्कृतिबारे सोच्न बाध्य भएका तथा पूर्णरूपले अमेरिकामा रमाउन नसक्नुले नै उपन्यासमा डायस्पोरिक चेतना झन् प्रस्ट भएको छ । वर्तमान पुँजीवादी भूमण्डलीकृत विश्व प्रवृत्तिबाट मुक्त हुन नसन्नु नै प्रत्येक पात्रको विभाजित मानसिकता हो । उनीहरू आमाबुबा, घरपरिवारलाई चटक्कै बिर्सेर बैङ्क खातामा डलर जम्मा गर्नमा नै व्यस्त देखिन्छन् । यस्तो खालको क्रियाकलापले डायस्पोरामा हुने परदेशको रोमाञ्च र पीडाको झल्को दिएको छ । उपन्यासका हरेक पात्रलाई नेपाली भाषा, संस्कृति, परम्परा, रीतिरिवाजले बारम्बार झस्काइरहे पनि विदेशी भाषा, संस्कार, परम्परा र रीतिरिवाजमा जीवन बिताउनुपर्ने बाध्यताले गर्दा उनीहरू मौलिक पहिचानको खोजी तथा अतीतमोहको दोसाँधबाट जीवन बिताउन बाध्य भएको देखिन्छ । यसर्थ उपन्यासमा देखापरेका प्रत्येक पात्रको जीवन र कार्यव्यापार हेर्दा *मोटेल अमेरिका* उपन्यास डायस्पोरिक चेतनाले भरिएको देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, बालाकृष्ण (२०७७). डायस्पोरा : नेपाली साहित्यमा अनुकूलनका समस्या. *समकालीन साहित्य.* *https://www.samakalinsahitya.com/sahitya/details/6926.*

एटम, नेत्र (२०६७). *नेपाली डायस्पोरा र अन्य समालोचना.* काठमाडौँ : एकता बुक्स

न्यौपाने, श्रीधर (२०७८). सुवेदीको यमपुरीको महल र राजवको मोटेल अमेरिकामा : नेपाली डायस्पोराका समस्या. *पृथ्वी जर्नल अफ रिसर्च एन्ड इननोभेसन,* पृ ७१–८२, https://doi.org/10.3126/pjri.v3i1.37436.

भट्टराई, गोविन्दराज (२०७१). *उत्तरआधुनिक विमर्श* (दोस्रो संस्क.). काठमाडौँ : ओरिएन्टल पब्लिकेसन हाउस ।

भट्टराई, गोविन्दराज (२०७६). डायस्पोरा साहित्यको सैद्धान्तिक स्वरूप. *रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड* (दोस्रो संस्क.). (सम्पा.) राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम. काठमाडौँ : रत्न पुस्तक भण्डार ।

राई, रक्ष र तेम्बे, मिजास (२०७२). *डायस्पोरा सिद्धान्त, रचना र समालोचना.* काठमाडौँ : प्रतिभा प्रकाशन ।

राजव (२०६७). *मोटेल अमेरिका.* ललितपुर : साझा प्रकाशन ।

लामिछाने, कपिल (२०७१). यमपुरीको महल उपन्यासको डायस्पोरिक विश्लेषण. *समकालीन साहित्य.* *https://www.samakalinsahitya.com/sahitya/details/4843*

लामिछाने, यादवप्रकाश र लामिछाने, गीता (२०२०). डायस्पोरिक कोणबाट एटलान्टिक स्ट्रिट उपन्यास. *ए एम सी जर्नल.* १ (१), http://amcdhading.edu.np/wp-content/uploads/2020/02/AMC-Journal-2076.pdf.

लुइटेल, खगेन्द्रप्रसाद (२०६७). डायस्पोराको सैद्धान्तिक स्वरूप. *समकालीन साहित्य.* https://www.samakalinsahitya.com/sahitya/details/2125.

श्यामल, (२०७३). स्रष्टा परिचय : ग्याङ् अफ फोरका राजव. *नेपाली साहित्यिक भकारी.* https://sahityasangraha.com/2017/03/28.